# सामुदायिक वनमा गैरकाष्ठ वन पैदावार व्यवस्थापन प्रक्रिया

■ **अनिता श्रेष्ठ**

नेपालका पहाडी भेगका जनताहरु सामुदायिक वन (सा.व.) को उचित व्यवस्थापनबाट काष्ठ र गैरकाष्ठ वन पैदावार (गै.का.व.पै.) मा आत्मनिर्भर बन्दै गइरहेका उदाहरणहरु प्रशस्त भेटिएका छन् । सा.व.क्षेत्रमा पाइने मूल्यवान् काष्ठ प्रजातिको अलवा गैरकाष्ठ वन पैदावारहरु जस्तै: चिराइतो, नागबेली पाउडर, लोक्ता, सुगन्धवाल, दालचिनी, मछिनो, वेत, बाँस, निगालो, कुरिलो, फाइवर, लाहा, शिलाजित, खोटो, झ्याउ, जटामसी आदिको व्यवस्थापनबाट स्थानिय उपभोक्ताहरुले रोजगार प्राप्त गर्नुको साथै गरीब जनताको जीविकोपार्जनको आधारशिला समेत बन्न गएको छ । वर्तमानमा सा.व.मा गै.का.व.पै.को व्यवस्थापन गर्ने तर्फ उपभोक्ताहरुको माग दिनानुदिन बढिरहेको छ । तथापि सा.व.क्षेत्रमा पाइने सबैखालका गै.का.व.पै.को वैज्ञानिक व्यवस्थापन जस्तै पुनरुत्पादन, संरक्षण, सम्वर्द्धन, सदुपयोग, संकलन, प्रशोधनकार्य आर्थिक, सामाजिक, प्राविधिक, वातावरणीय, बजारका कारणले अत्यन्त चुनौतिपूर्ण देखिन्छन् । अर्कोतर्फ कुन प्रजातिको व्यवस्थापन कसरी गर्ने, सा.व.मा काष्ठ र गैरकाष्ठ प्रजातिको व्यवस्थापनको समायोजन कसरी गर्ने, स्थानीय जनसहभागीता कसरी बढाउने आदि सवालहरु टड्कारो रुपमा देखिएका छन् । यसका लागि गै.का.व.पै.को उपयोग र व्यवस्थापन सम्बन्धी सम्पूर्ण कुराहरु सा.व.को कार्ययोजनामा स्पष्ट रुपमा समावेश गर्नुपर्छ ।

> गै.का.व.पै. व्यवस्थापन झट्ट हेर्दा सजिलो जस्तो देखिएतापनि प्रक्रियागत रुपमा विशेष सावधानी अपनाउनु पर्दछ । व्यवस्थापन गर्दा सामाजिक, आर्थिक, प्राविधिक, कानूनी तथा अन्य आन्तरिक एवं बाह्य पक्षलाई विशेष ध्यान दिनुपर्दछ ।

सा.व क्षेत्रभित्र गै.का.व.पै.को व्यवस्थापनको विषय अधिकांश वन कार्ययोजनाहरुमा समावेश नगरिएको र कसरी गर्ने भन्ने कुरामा पनि द्विविधा रहेको परिप्रेक्षमा यो लेखमा गै.का.व.पै.को व्यवस्थापनसंग सम्बन्धित प्रचलित प्रक्रिया र चरणहरुको बारेमा निम्न चित्रमा देखाएका बुँदाहरुमा वर्णन गरिएको छ ।

***चित्र नं.: १ गै.का.व.पै. व्यवस्थापन प्रक्रिया***



**पहिलो चरण : गैरकाष्ठ वन पैदावार प्रजातिको पहिचान**

गै.का.व.पै.को पहिचान बिना व्यवस्थापन असंभव भएकोले सबैभन्दा पहिला सा.व.क्षेत्रमा पाइने प्रजातिहरुको पहिचान गर्नु जरुरी हुन्छ । यसको लागि सम्बन्धित वन प्राविधिकहरु र उपभोक्ता समूहका प्रतिनिधिहरु र सम्भव भएसम्म अरु साझेदार संस्थाहरुका प्रतिनिधिहरु सम्मिलित टोली सा.व. क्षेत्रमा स्थलगत भ्रमण गरी पाइएका गै.का.व.पै.हरुको नामको टिपोट गर्दै जानुपर्दछ । साथै ती प्रजातिहरुको स्थानीय तहमा भईरहेको संभावित उपयोगको बारेमा पनि सहभागीतामूलक विधिबाट छलफल गरी प्रयोगको समेत टिपोट गर्दै जानुपर्छ । त्यसैबेला एक प्रजातिको प्रयोगसँग अर्को प्रजातिको प्रयोग उल्टोपाल्टो नपरोस् भनी सावधानी अपनाउनु पर्दछ । प्रजातिको टिपोट नमूना तलको तालिकामा देखाएजस्तै गरी गर्न सकिन्छः-

***तालिका नं.१ गै.का.व.पै.को नाम, प्रयोग र प्रयोग गरीने बिरुवाको भाग***

| सि.नं. | गै.का.व.पै.को स्थानिय नाम | संभावित प्रयोग | प्रयोग गरिने बिरुवाको भाग |
|---|---|---|---|
| १. | चिराइतो | ज्वरोको औषधि | सम्पूर्ण भाग |
| २. | नागवेली | विष्फोटक पदार्थ बनाउन | पाउडर |
| ३. | तितेपाती | घाउका औषधी | पात |
| ४. | काफल | रंग बनाउन | बोक्रा |
| ५. | ............ | ............ | ............ |

**दोश्रो चरण : प्राथमिकीकरण**

पहिचान गरिएका सबै प्रजातिहरुलाई व्यवस्थापन गर्न गाह्रो हुने भएकोले निश्चित आधार तय गरी प्रजातिहरुलाई प्राथमिकीकरण गर्नुपर्दछ । सबै उपभोक्ताहरुको सहभागितामा प्राथमिकीकरण गर्दा उपयुक्त प्रजातिको छनौट गर्न सघाउ पुग्छ। यसको लागि जोडा स्तरीकरण विधि बढी प्रचलित छ ।

**प्राथमिकीकरण गर्ने आधारहरु**

**(क)** ***श्रोत :*** गै.का.व.पै. व्यवस्थापनको मुख्य उद्देश्य व्यवसायीकरण गर्ने हुनुपर्दछ, जसले गर्दा बहुसंख्यक उपभोक्ताहरु लाभान्वित हुनसक्छन् । व्यवस्थापन गर्दा श्रोतको प्रचुरतालाई मुख्य रुपमा ध्यान दिनुपर्दछ । तसर्थ सा.व. क्षेत्रमा प्रजातिको फैलावट, घनत्व, संकलन पछि बाँच्ने पुनरुत्पादनको संभावना, निजीस्तरमा खेतीको संभावना, आदिको आधारमा प्राथमिकीकरण गर्नुपर्ने हुन्छ ।

**(ख)** ***सामाजिक, कानूनी पक्ष :*** प्रजातिको प्राथमिकीकरण गर्दा सामाजिक मूल्य मान्यता, संस्कृति, रीतिरिवाज, स्थानीय बासिन्दाहरुको चाहना र कानूनी प्रावधानलाई विशेष ध्यान दिनुपर्दछ । जस्तै चिराइतो, मछिनो, लोक्ता, नागवेली पाउडर, पाखनभेद स्थानीय बासिन्दाहरुले परापूर्वकालदेखि विविध प्रयोजनको लागि उपयोग गर्दै आएकाले यस्ता प्रजातिको व्यवस्थापनमा सहभागिता बढी हुन्छ । यी प्रजातिहरुको संकलन प्रशोधन निर्यात गर्ने व्यवस्था प्रचलित कानूनमा भएकोले प्राथमिकीकरण गर्नु सान्दर्भिक हुन्छ भने अर्कोतर्फ कानूनी रुपमा प्रतिबन्धित प्रजातिहरुको प्रचुरता भएपनि प्राथमिकीकरण गर्नुहुँदैन जस्तै : पाँचऔंले, कुट्की, ओखरको बोक्रा ।

(ग) ***बजार :*** गै.का.व.पै.को प्रबर्द्धन र विकासमा बजारको मागले प्रमुख भूमिका खेलेको हुन्छ । जुन प्रजातिको बजार माग बढी छ त्यसैलाई प्राथमिकीकरण गरी छनौट गर्नुपर्छ । तर श्रोत प्रशस्त भएपनि बजारमा माग नभएको प्रजातिको प्राथमिकीकरण गर्नुहुदैन । तसर्थ प्रजातिको व्यवस्थापनको लागि मागको आकार, चाहिने गुणस्तर, उत्पादित वस्तुको मूल्य, मूल्यको अवस्था र बजारको पहुँच आदिको बारेमा स्पष्ट ज्ञान हुन आवश्यक हुन्छ । जस्तैः तितेपातीको श्रोत प्रशस्त भएपनि बजार माग नभएकोले प्राथमिकीकरण गर्नुहुदैन । लोक्ता, अर्गेली, चिराइतो, लौठ सल्ला जस्ता प्रजातिको माग बढ्दो भएकोले प्राथमिकीकरण गर्नु राम्रो हुन्छ ।

(घ) ***प्रविधि :*** स्थानीय तवरमा सजिलोसँग उत्पादन गरेर व्यवस्थापन, संकलन, भण्डार, प्रशोधन, आदि गर्न सकिने गै.का.व.पै. लाई प्राथमिकता दिनुपर्दछ । कुनै कुनै गै.का.व.पै.को प्रवर्द्धन गर्न बढी रकम र खर्चिलो प्राविधि आवश्यक हुन्छ । तसर्थ आवश्यक भौतिक पूर्वाधार, उत्पादन लागत र प्रविधि विकासले गै.का.व.पै.को दिगो व्यवस्थापन र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । जस्तैः चिराइतो, अर्गेलीको व्यवस्थापन अरु प्रजाति भन्दा कम समयमा स्थानीय प्रविधिबाटै कम खर्चमा सजिलैसँग प्रवर्द्धन गर्न सकिन्छ ।

***तालिका नं.२ प्राथमिकीकरणको नमूना***

| **प्रजाति** | **आधारहरु** | | | | **कुल योग** | **प्राथमिकीकरण** |
|---|---|---|---|---|---|---|
| | श्रोत | कानून/सामाजिक | बजार | प्रविधि | | |
| चिराइतो | ३ | ३ | ३ | ३ | १२ | पहिलो |
| लोक्ता | २ | ३ | २ | २ | ११ | दोश्रो |
| अर्गेली | ३ | ३ | ३ | ३ | १२ | प्रथम |
| तितेपाती | ३ | ३ | ० | ० | ६ | चौथो |
| ठूलो ओखती | ३ | ३ | ० | २ | ८ | तेश्रो |
| मछिनो | ३ | ३ | २ | ३ | ११ | दोश्रो |

*सूचक : राम्रो - ३, ठिकै - २, नराम्रो - ०*

यसरी प्राथमिकीकरण गर्दा जुन प्रजातिको प्राप्ताङ्क बढी हुन्छ त्यसैलाई छनौट गर्नुपर्दछ । माथिको तालिका अनुसार प्राथमिकता क्रममा चिराइतो र अर्गेली पहिलो, लोक्ता र मछिनो दोस्रो, ठूलो ओखती तेस्रो र तितेपाती चौथोमा पर्दछन् । उपर्युक्त चार आधार बाहेक भू-बनौट, पुनरुत्पादन, संकलन गर्ने मौसम, उपभोक्ताहरुका चाहना, राजनैतिक परिस्थिति, वैकल्पिक रोजगार, भावी सम्भावना, गै.का.व.पै. व्यवस्थापनबाट मुख्य प्रजाति एवं वातावरणमा पर्न जाने दूरगामी असर आदिलाई समेत ध्यानमा राखी प्राथमिकीकरण गर्नुपर्ने हुन्छ ।

**तेस्रो चरण : उपयुक्त प्रजातिको छनौट**

प्राथमिकीकरणको आधारमा छनौट भएका प्रजातिलाई नै दिगो व्यवस्थापन र व्यवसायीकरण गर्न उपयुक्त प्रजाति मानिन्छ । माथिको तालिकाको आधारमा चिराइतो र अर्गेली व्यवस्थापन गर्नु उपयुक्त देखिन्छ । उपयुक्त प्रजातिको छनौटको लागि उपभोक्ताहरुलाई धेरै भन्दा धेरै छलफल गर्न दिनुपर्छ जसबाट सही प्रजातिको छनौट हुने संभावना बढी हुन्छ ।

**चौथो चरण : वन श्रोत आंकलन र विश्लेषण**

उपयुक्त प्रजातिको छनौट पश्चात् त्यस प्रजातिको दिगो रुपमा व्यवस्थापन गर्न र व्यवसायीकरणमा लैजानको लागि जम्मा उत्पादनशील संचिति, वार्षिक वृद्धिदर र वार्षिक रुपमा सदुपयोग गर्न सकिने मात्रा निश्चित हुनु अपरिहार्य हुन्छ । यसको लागि श्रोत आंकलन र विश्लेषण गर्नुपर्ने हुन्छ ।

**श्रोत आंकलन गर्न निम्न प्रक्रिया अपनाउनु पर्छ :**

१. वनको सर्भेक्षण गर्ने
२. वन खण्ड र उपखण्डमा विभाजन गर्ने
३. प्रत्येक खण्ड र उपखण्डमा रहेका उपयुक्त गैरकाष्ठ वन पैदावारको बासस्थान को पहिचान गर्ने
४. बासस्थानमा रहेका गै.का.व.पै.को क्षेत्रफल निर्धारण गर्ने
५. नमूना प्लट लिएर तथ्यांक संकलन गर्ने (प्रजाति अनुसार नमूना प्लट फरक फरक हुन्छ)
६. तथ्यांक विश्लेषण गर्ने, यसबाट जम्मा उत्पादनशील संचिति, वार्षिक वृद्धिदर र सदुपयोग गर्न सकिने मात्रा पत्ता लगाउन सकिन्छ आदि

**पाचौं चरण : वन कार्ययोजनामा व्यवस्थापन योजना समावेश र कार्यान्वयन**

तथ्याङ्क विश्लेषणको आधारमा वन उपभोक्ता समूहसँग छलफल गरी प्राथमिकतामा परेका गै.का.व.पै.को व्यवस्थापन योजना वन कार्ययोजनामा समावेश गर्नुपर्दछ । जस्तैः संरक्षण, सम्बर्द्धन, सदुपयोग, खेती बिस्तार, बजार व्यवस्था, आर्थिक परिचालन आदि । यदि श्रोत आंकलन गर्दा श्रोतको कमी देखिएमा त्यसको खेती सा.व. अथवा निजी जग्गामा समेत गर्न सकिन्छ । यदि यसको खेती सा.व.मा गर्ने हो भने त्यसको प्रावधान समेत सा.व. कार्ययोजनामा राख्नुपर्छ । योजना मुताविक प्राविधिकहरुको सहयोगमा तदारुकताका साथ कार्यान्वयन गर्दै जानु पर्दछ ।

**छैठौं चरण : अनुगमन तथा मूल्याङ्कन**

कार्ययोजना मुताविक गै.का.व.पै. को व्यवस्थापन कार्यान्वयन सही ढंगले भए नभएको थाहा पाउन समय समयमा अनुगमन र मूल्याङ्कन गर्न आवश्यक हुन्छ । जसले भविष्यमा कस्तो खालको व्यवस्थापन योजना बनाउनुपर्ने हो सो को लागि मार्ग निर्देशन गर्दछ ।

**गै.का.व.पै.को व्यवस्थापनमा देखापरेका समस्याहरु**

सबै प्रजातिको श्रोत आकलन एउटै मौसममा गर्न सकिदैन । प्रजाति सङ्कलन गर्ने समयमै श्रोत आकलन गर्नुपर्ने भएकोले सो समयमा योजना मुताविक कार्य गर्न गाह्रो हुन्छ साथै जनसहभागिता जुटाउन पनि कठिनाइ पर्दछ ।

गै.का.व.पै. को बजार माध्यम स्थानीय उपभोक्ता (संकलक/ उत्पादक), स्थानीय ठेकेदार, ठूला ठेकेदार हुँदै स्थानिय वा राष्ट्रिय प्रशोधन केन्द्र सम्म पुग्छ । यो माध्यम कहिलेकाँहीं छिमेकी मुलुक भारतसम्म पनि पुग्छ । जस्तैः चिराइतो, लोठसल्ला, आदिको व्यापारमा । स्थानीय स्तरमा भण्डारण र प्रशोधनको व्यवस्था नभएकाले संकलनकर्ता/उपभोक्ताहरुले वस्तुको वास्तविक मूल्य पाउन नसक्नुको साथै कहिलेकाँहीं एकदमै कम मूल्यमा स्थानीय ठेकेदारहरुलाई बेच्नुपर्ने हुन्छ ।

प्रचलित वन ऐन र नियमावलीमा सा.व. क्षेत्रमा गै.का.व.पै. व्यवस्थापनमा स्पष्टता देखिँदैन । एकातिर सा.व. क्षेत्रमा गै.का.व.पै. व्यवस्थापन गर्ने प्रावधान राखिएको छ भने अर्कोतर्फ जिल्ला

वन कार्यलयबाट छोडपूर्जी लिनैपर्ने प्रावधान राखिएको छ । सा.व.मा भएका गै.का.व.पै.को छोडपूर्जिमा जि.व.का.ले खासै रुचि नदेखाउनाले समयमै गै.का.व.पै.बिक्री वितरण गर्न कठिनाइ पर्नुका साथै उपभोक्ताले समयमा बिक्री गर्न नसकी अत्यधिक घाटा समेत सहनु परेको बुझिन्छ । साथै यासो गर्दा झन्झटसमेत बेहोर्नुपर्ने हुन्छ ।

धनी उपभोक्ताहरु काष्ठजन्य वन पैदावारको व्यवस्थापन गर्न बढी इच्छुक देखिने र समूहमा समेत उनीहरुको बोलावाला हुने भएकोले गरीब उपभोक्ताहरुको तीव्र चाहना हुँदाहुँदै पनि कार्ययोजनामा गै.का.व.पै. व्यवस्थापनले कम प्राथमिकता पाएको देखिन्छ ।

सा.व. क्षेत्रमा पाइने प्रजातिको बजारमा माग कम भएको र प्रजाति कम पाइनेको माग बढी भएको कारणले वन उपभोक्ता समिति र उपभोक्ता बीच विवाद सृजना भई सर्वसम्मत निर्णय गर्न कठिनाई आउनु पनि गै.का.व.पै.व्यवस्थापनमा आइपर्ने एउटा समस्या हो ।

देशको अस्थिर राजनैतिक परिवेशले गर्दा पनि गै.का.व.पै.को उचित व्यवस्थापनमा व्यवधान खडा भएको छ ।

**निष्कर्ष**

गै.का.व.पै. व्यवस्थापन झट्ट हेर्दा सजिलो जस्तो देखिएतापनि प्रक्रियागत रुपमा विशेष सावधानी अपनाउनु पर्दछ । व्यवस्थापन गर्दा सामाजिक, आर्थिक, प्राविधिक, कानूनी तथा अन्य आन्तरिक एवं बाह्य पक्षलाई विशेष ध्यान दिनुपर्दछ । वर्तमान परिवेशमा जतिसक्दो छिटो गै.का.व.पै.को व्यवस्थापन गर्न आवश्यक भइसकेको छ । अन्तर्राष्ट्रिय बजारमा हाम्रो पैत्रिक अधिकारका लागि यसले महत्वपूर्ण भूमिका खेल्न सक्छ । तसर्थ सम्बन्धित साझेदारहरुले यसको लागि पहल गर्नुपर्ने देखिन्छ । प्रचलित कानूनमा देखिएका कमी कमजोरीहरुलाई संशोधन मार्फत सरकारी एवम् निजी क्षेत्रबाट स्थानीय स्तरमा भण्डारण र प्रशोधनलाई बढावा दिई स्थानीय उपभोक्ताहरुलाई उचित मूल्य दिलाउन सके गै.का.व.पै. लाई व्यवसायीकरण गर्न टेवा पुग्दछ । यसबाट जैविक विविधता संरक्षण एवम् गरीबी उन्मूलनमा समेत प्रत्यक्ष अप्रत्यक्ष रुपमा सघाउ पुग्नजान्छ ।

(लेखक नेपाल स्वीस सामुदायिक वन परियोजना, रामेछापमा कार्यरत हुनुहुन्छ ।)

*हालसम्म नेपालमा १२,५६० वटा सामुदायिक वन उपभोक्ता समूहलाई ८,८७,०७७ हेक्टर वन क्षेत्र हस्तान्तरण गरिएको छ । यसरी सामुदायिक वनको स्थापनाको कारण १४,०१,३६१ घरधुरी प्रत्यक्ष रूपमा समूहमा आवद्ध भई सामुदायिक वनको प्रक्रियामा सामेल भएका छन् ।*